# नेपाल राष्ट्र बैंकको
# प्रेस विज्ञप्ति

नेपाल बैंक लिमिटेड, व्यवस्थापन समितिको संयोजकमा डा. पुष्पराज राजकर्णिकार नियुक्त हुनुभएको छ । नेपाल राष्ट्र बैंकका गभर्नर श्री विजयनाथ भट्टराईसमक्ष नवनियुक्त संयोजक डा. राजकर्णिकारले आज पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।

नेपाल बैंक लिमिटेडको सञ्चालक समितिले गर्नुपर्ने काम सञ्चालन गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ग बमोजिम उहाँको संयोजकत्वमा मिति २०६६।४।२८ गते देखि अर्को व्यवस्था नभएसम्मका लागि ६ सदस्यीय व्यवस्थापन समिति नियुक्त भएको हो । समितिका अन्य सदस्यहरुमा श्री प्रमोदराज शर्मा, डा. केशवराज खड्का, श्री सुरेन्द्रमणि त्रिपाठी, डा. चन्द्रमणि अधिकारी र श्री रमेशप्रसाद शर्मा उपाध्याय रहनुभएको छ ।

मिति २०६६।५।१

(उपेन्द्रकुमार पौडेल)
निर्देशक
गभर्नरको कार्यालय